जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- ३३, २०८१ चैत १४ गते विहीबार, 27 March. 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

हेटौंडा सिमेन्ट उद्योगको उत्पादन चैत तेस्रो साताबाट

○ सहीखबर संवाददाता

मकवानपुर । लामो समयदेखि बन्द रहेको हेटौंडा सिमेन्ट उद्योगले यही चैतको तेस्रो साताबाट पुन:उत्पादन सुरू गर्ने भएको छ।

उद्योगका मेसिनको मर्मतपछि उद्योगका लागि तत्काल चाहिने कच्चा पदार्थ सुनिश्चितता र कर्मचारी काम गर्न सहमत भएपछि उत्पादन सुरू गर्ने तयारी भइरहेको हेटौंडा सिमेन्ट उद्योगका निमित्त महाप्रबन्धक इञ्जिनियर नवीनकुमार कर्णले जानकारी दिए ।

उद्योगको मेसिन पुरानो र बिग्रिसकेकाले त्यसलाई मर्मत सम्भार गर्न केही समय लागेको उनले बताए । "स्थापनाकालमा जडान गरिएको मेसिन हो, यसलाई विस्थापित गरेर नयाँ मेसिन जडान गर्नपुर्ने देखिन्छ तर आर्थिक समस्याका कारण तत्काल त्यो सम्भव नदेखिएपछि मर्मत गर्नतर्फ लाग्न पर्‍यो' महाप्रबन्धक कर्णले भने ।यसबाट तत्काल सिमेन्ट उत्पादन गर्न सकिने उनले बताए । उद्योग सञ्चालनका लागि आवश्यक कच्चा पदार्थ केही मौज्दात रहेको र केही आउने सुनिश्चितता भइसकेको छ ।

'अहिले हामीसँग करिब एक सय ठन कोइला छ,कर्णले भने, 'कच्चा पदार्थको खासै समस्या हुँदैन' उनले भने 'कोइलाको पुरानो भुक्तानी हुन नसकेकाले कम्पनीसँग कुराकानी गरी उद्योग सञ्चालन गर्न कोइला पठाउन तयार भएको उनले बताए ।उद्योग सञ्चालनका लागि विद्युत् समस्या पनि समाधान हुने उनले बताए । उद्योग चलाउन नियमित विद्युत् चाहिन्छ, त्यसका लागि नेपाल विद्युत् प्राधिकरणसँग कुराकानी भएको उनले बताए 'प्राधिकरणले नियमित विद्युत् दिने प्रतिबद्धता जनाएको छ, अब त्यो समस्या नरहला' उलने भने । उद्योग व्यवस्थापनले उद्योगको विभिन्न उपकरण मर्मत गर्नुपर्ने भएकाले गत असोज १५ गतेदेखि सिमेन्ट उत्पादन बन्द गरेको थियो । उद्योग बन्द हुँदा कर्मचारीले विगत तीन महिनादेखि तलब भत्ता पाउन सकेका छैनन् ।

विसं २०३३ सालमा हेटौंडाको लामसुरेमा स्थापना भएको उक्त उद्योगले विसं २०४३ सालदेखि सिमेन्ट उत्पादन सुरू गरेको थियो । तर आर्थिक समस्यालगायतका कारण उद्योग बन्द भएको थियो । एकपछि अर्को समस्यासँग जुध्दै आएको हेटौंडा सिमेन्ट उद्योगले गत २०८१ भदौ महिनाको तेश्रो साताबाट पुन: सिमेन्ट उत्पादन सुरू गरेपनि मेसिन मर्मत गर्नुपर्ने भएपछि असोज १५ गतेदेखि उद्योग बन्द भएको थियो। दैनिक १६ हजार बोरा सिमेन्ट उत्पादन क्षमता रहेको सो उद्योग आर्थिक समस्यालगायतका कारण थलिएको छ ।

बालबालिकालाई श्रममा हैन विद्यालय पठाऔं

१८ वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउनु कानुनी अपराध हो । हेटौंडा उपमहानगरपालिका बालमैत्री स्थानीय शासनयुक्त घोषणा भइसकेकोले सबैले बालमैत्री शासनको सुचाङ्कको पूर्ण पालना गरौ । उपमहानगरपालिका क्षेत्रमित्र रहेका होटेल, बार, रेस्टुरेन्ट, घर, यातायात, निर्माण सेवालगायतका विभिन्न क्षेत्रमा गैरकानुनी रुपमा बालबालिकालाई श्रममा लगाइएको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ । साथै कहीं कतै बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाएको वा कानुनले तोके बमोजिमका विशेष संरक्षणको आवश्यकता भएका कुनै पनि बालबालिका वा जीविकोपार्जनमा अत्यन्तै समस्यामा परी श्रममा आउन बाध्य भएको पाइएमा तुरून्त खबर गरि उद्धारमा सहजिकरण गरिदिनुहुन अनुरोध छ ।

वडा अध्यक्ष फूर्वा दोर्जे लामा

१० नम्बर वडा कार्यालय

हेटौडा उपमहानगरपालिका, मकवानपुर



बल्यो बिजुली

○ सहीखबर संवाददाता

मकवानपुर । बिजुली बत्तिको रहरमा वर्षौं बिताएमा खैराङबासीले अब बिजुलीको उज्यालो पाएका छन् ।

मकवानपुरको राक्सिराङ गाउँपालिका ९,कार्लाङकी ७० वर्षकी दुलकुमारी प्रजा बिजुली बलेको देखेपछि खुसी भइन् ।

उनको घरमा पहिलोपटक बलेको बत्तीपछि उनमा खुसीको सिमा रहेन । नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले उनको घरको बत्तीको स्वीच अन गरेका थिए। सधैं अँध्यारोमा घरधन्दा गर्दै आएकी दुलकुमारी बत्ती बलेपछि दंग देखिइन्।

घरै अगाडि रहेको फलामे खम्बाबाट तार जोडेर ल्याएर घर मा बिजुली बलेपछिको खुसी उनको अनुहारमा पोखिरहेको सजिलै देख्न सकिन्थ्यो ।

चाउरिएका गाला तन्काएर हाँस्दै उनले भनिन्, 'जिन्दगीमै पहिलो पटक बिजुली बत्ती बाल्न पाइयो। बुढेसकालमा बिजुली बत्ती कस्तो हुन्छ भने देख्न पाइयो। यस्तो दिन आउला भन्ने सोच थिएन ।

रात परेपछि केही गरूम्ला भन्न पाइन्नथ्यो। उज्यालैमा भात खायो, सुत्यो । अबु त सधैं उज्यालो हुनी भयो' उनले भनिन् ।

सानैमा विवाह गरेको दुलकुमारीले पहिला छोराछोरी हुर्काउन र घरधन्दा गर्नका लागि सल्लाको दियालो र सालको मुठा बालेरै गर्जो टार्ने गरेको सम्झँदै थपिन्, 'मेरो त जिन्दगानी यसै बितिजाला जस्तो लाग्याको थियो। छोराबुहारीले सम्म पनि दुखै पाउने भया भन्ने चिन्ता थियो। अबु त गाउँमै बिजुली आयो। नातिनातिनाले राति पनि लेखपढ गर्न पाउने छन् भनेर खुसी लाग्या छ।'

दुलकुमारी मात्रै होइन, कार्लाङ र खैराङका स्थानीयहरु गाउँमा बिजुली पुगेपछि निकै खुसी देखिएका छन्। किन्न र जोड्न सक्नेका घरमा सोलारको सहारा थियो भने निमसराको घर ढुकीकै भरमा उज्यालो पारिन्थ्यो। त्यो पनि मट्टितेल किन्न नसकेर वनका सल्लाको दियालोकै भर पर्नेको संख्या पनि उत्तिकै थियो।

गाउँपालिकाले हरेक वर्ष सोलार वितरण गरेर पनि स्थानीयलाई उज्यालोमा राख्ने प्रयास नगरेको भने होइन। तर सोलार र बिजुलीमा धेरै फरक हुने स्थानीयको अनुभव छ।

'घाम लागेको दिन पो सोलार बल्छ। बादल लागे, पानी परेको दिन बल्दैनथ्यो', सोही गाउँकी २१ वर्षीया सीता कुमारी प्रजाले भनिन्, 'त्यस्तो बेला दाउरा बाहेक उज्यालो आउने केही हुन्नथ्यो। अब त गाउँमा बिजुली बत्ती आयो। बच्चाहरुको लागि पनि सजिलो हुन्छ भन्ने लागेको छ।'

त्यसोत, ९ वटा वडा रहेको मकवानपुरको विकट राक्सिराङ गाउँपालिकामा सबै वडामा विजुलीको पहुँच पुगेको हो। यसअघि पालिकाको ८ वटा वडामा विजुली पुगेको थियो।

यस गाउँपालिकाको पनि सबैभन्दा विकट मानिने ९ नम्बर वडामा भने यसै वर्ष मात्रै बिजुली पुगेको राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले बताए। उनका अनुसार सबै वडामा बिजुली पुगेपनि सबै घरहरुमा बिजुलीको पहुँच पुर्याउन बाँकी छ।

मकवानपुरको विकट मानिने राक्सिराङमा ५ हजार घरधुरी रहेकोमा अझै १५ सय भन्दा धेरै घरहरुमा बिजुली पुग्न बाँकी रहेको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए।

उक्त स्थानमा बिजुलीको पहुँच पुर्याउन गाउँपालिकाले आर्थिक वर्ष २०७६/०७७ देखि नै चेपाङलाई बिजुली कार्यक्रम सञ्चालन गर्दै आएको थियो। अबको दुई वर्षभित्रमा राक्सिराङको सबै नागरिकको घर/ घरमा बिजुली पुर्याउने लक्ष्य गाउँपालिकाले लिएको उनले बताए।

भौगोलिक विकटता कारण बिजुलीको पोल विस्तार गर्न विद्युतीकरणमा समस्या देखिएको अध्यक्ष मल्लको भनाइ छ।

उनका अनुसार सुरूवातमा गाउँपालिकाले १ करोड रूपैयाँ र प्रदेश सरकारको १ करोड रूपैयाँ बजेट गरी २ करोड रूपैयाँमा काम अघि बढाइएको थियो।

सो बजेटमा काम सम्पन्न नहुनेभएपछि प्राधिकरणले विद्युत विस्तारका लागि ६ करोड रूपैयाँ सहयोग गरेको थियो।

सोही ८ करोड रूपैयाँ लागतमा वडाहरुमा विद्युतको पोल गाड्ने तथा तार टाँग्ने काम गरि रहेको थियो। नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले चेपाङलाई विद्युत कार्यक्रममार्फत् ३० करोड बजेटमा अभियानलाई अघि बढाएको अध्यक्ष मल्लले बताए।

प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
बजार प्रतिनिधि :- गोपिनी दाहाल
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

मानव सेवा

मानव सेवा भनेको निस्वार्थ भावले अरुको कल्याणका लागि गरिने कार्य हो। यसले समाजमा सकारात्मक परिवर्तन ल्याउँछ र मानवताको रक्षा गर्छ। गरिब,असहाय, बिरामी र प्राकृतिक प्रकोपमा परेकाहरुलाई सहयोग गर्नु मानव सेवाको महत्वपूर्ण पक्ष हो। मानव सेवाले पीडितहरुलाई आशा र समर्थन प्रदान गर्छ, समुदायलाई बलियो बनाउँछ र सामाजिक न्यायको प्रवर्द्धन गर्छ। यसले समाजमा सद्भाव र एकता कायम राख्न मद्दत गर्छ। हामी सबैले आफनो क्षमता अनुसार मानव सेवामा योगदान गर्न सक्छौं। समय, सीप वा स्रोत दान गरेर वा अरुसँग दयालु व्यवहार गरेर हामी फरक पार्न सक्छौं।

मानव सेवा एक निरन्तर प्रक्रिया हो। सबैको सानो प्रयासले पनि ठूलो परिवर्तन ल्याउन सक्छ। यसले मानवतालाई जीवित राख्छ र समाजलाई सभ्य बनाउँछ। मानव सेवा भनेको अरुको कल्याण र हितका लागि गरिने निस्वार्थ कार्य हो। यो एक यस्तो भावना हो जसले समाजलाई एकताबद्ध राख्न र मानवताको रक्षा गर्न मद्दत गर्दछ। मानव सेवाले व्यक्ति, समुदाय र समग्र समाजलाई फाइदाहरु प्रदान गर्दछ। यसले पीडितहरुलाई आशा र समर्थन प्रदान गर्दछ, समुदायहरुलाई बलियो बनाउँछ र सामाजिक न्यायलाई बढावा दिन्छ।

सडक मानवहरूको संरक्षण गर्दै आएको मानव सेवा सेवा आश्रमले आगामी चैत १७ बाट दीगो स्रोत व्यवस्थापनको लागि हेटौंडामा ९ मा महायज्ञ गर्न लागेको छ ।मानव सेवको महत्वलाई बुझेर, सबैले यसमा योगदान गर्न सक्नेछं। आफ्नो समय, सीप, वा स्रोतहरु दान गरेर महायज्ञको सफलतामा कडी थप्न सकिनेछ । मानव सेवाको लागि हातेमालो गरौं, मानवता प्रवर्द्धन गरौ ।

डाक्टर : चारै तिरबाट घेराबन्दीमा परेको पेसा



डा.सन्देश लम्साल

वर्षौंको कठिन अध्ययन र तालिमपछि पनि नेपाली डाक्टर जीविकोपार्जनका लागि संघर्ष गर्न बाध्य छन् । हामीकहाँ डाक्टरले बिरामीको उपचार मात्रै होइन सरकार, भ्रष्ट संस्था, निर कुश सिनियर्स, राजनीतिक हस्तक्षेप र समाजको उपेक्षासँग पनि संघर्ष गर्नुपर्छ ।

न्यून तलब, सीमित रोजगारीका अवसर र कार्यस्थलको खराब अवस्थाले उनीहरुको पेसागत जीवनलाई झनै कठिन बनाएको छ । धेरै अस्पतालले महिनौंसम्म तलब रोक्दा स्वास्थ्यकर्मी आर्थिक संकटमा पर्छन् । समाजले डाक्टरहरुलाई सेवाको प्रतीक मान्छ तर वास्तविकता ठिक उल्टो छ । थुप्रै जिम्मेवारी सम्हाल्ने उनीहरुलाई उचित पारिश्रमिक र सम्मान दिइँदैन । महिनौंदेखि तलब नपाएका धेरै स्वास्थ्यकर्मी जागिर छाड्ने दोधारमा छन् ।

भ्रष्टाचार र शोषण : नेपालको स्वास्थ्य सेवा प्रणालीमा भ्रष्टाचार ले गहिरो गरी जरा गाडेको छ। उच्च पहुँच भएका राजनीतिक नेताहरु,कर्मचारीहरु र बिचौलियाहरु मिलेर स्वास्थ्य क्षेत्रलाई मित्रेबाट खोक्रो बनाउँदै छन् । सरकारी नीति नियमहरु बिरामी र डाक्टरहरुको हितमा नभई निजी मेडिकल कलेजहरु र राजनीतिक शक्तिहरुको फाइदाका लागि बनाइन्छ ।

निजी अस्पताल र मेडिकल कलेजले सरकारी निर्देशन र नियमलाई बारम्बार तोड्दा पनि सम्बन्धित अधिकारीले मौनता साध्ने गर्छन् । त्यसैले स्वास्थ्य सेवा जनताको आवश्यकता मात्र नभई केही सीमित प्रभावशाली व्यक्तिहरुको स्वार्थ पूरा गर्ने व्यापार झैं बनेको छ ।

हामीकहाँ डाक्टरहरु विविध कारण असन्तुष्टिको चरम बिन्दुमा पुगेका छन् । स्वास्थ्य सेवा क्षेत्रलाई तहसनहस पार्ने शोषण, भ्रष्टाचार र राजनीतिक हस्तक्षेपलाई नियन्त्रण नगर्ने हो भने स्वास्थ्य सेवा प्रणाली नै धराशायी हुने खतरा छ ।

यस्तै एउटा पछिल्लो उदाहरण हो, माननीय प्रधानमन्त्री केपी शर्मा ओली स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेल र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईको नेतृत्वमा भएको चिकित्सा शिक्षा आयोगको पूर्ण सदन बैठकबाट पारित छात्रवृत्ति नियमन । उक्त नियमन अनुरुप निजी र सरकारी दुवै स्तरका मेडिकल कलेजमा अध्ययनरत आवासीय चिकित्सकलाई तीन वर्ष अवधिभर आठौं तहका सरकारी अधिकारी बराबरको छात्रवृत्तिको व्यवस्था गरिएको थियो । तर यस विपरीत निजी मेडिकल कलेजहरुले आवासीय चिकित्सकलाई अझै पनि महिनाको १८ हजार रूपैयाँ मात्र दिइरहेको जानकारीमा आएको छ । उक्त रकम चिकित्सा पेसामा वर्षौं लगानी गरेका डाक्टरका लागि आफ्नो परिवारलाई सहयोग गर्न वा पढाइको ऋण तिर्न त परको कुरा, नेपालका सहरहरुमा बाँच्नका लागि पनि पर्याप्त हुँदैन ।

बेरोजगारी र अस्वस्थ प्रतिस्पर्धा : नेपालको स्वास्थ्य सेवा क्षेत्र डाक्टरहरुको अभावले मात्र होइन, रोजगारीका अवसरको कमीले पनि समस्याग्रस्त छ । प्रत्येक वर्ष हजारौं डाक्टर चिकित्सा क्षेत्रमा प्रवेश गर्छन्, तर अस्पतालहरुमा रिक्त पद प्राय: छैनन् वा ती पदमा अस्वस्थ प्रतिस्पर्धा हुने गर्दछ ।

हालै चिकित्सा संस्थान (आईओएम) ले केही रिक्त मेडिकल अफिसरको पदका लागि आवेदन मागेको थियो । यसमा ६०० भन्दा बढी डाक्टरले आवेदन दिएका थिए, जो आवश्यक संख्या अनुपातमा ४० देखि ८० गुणा भन्दा बढी हो । देशमा अवसर नहुँदा हजारौं दक्ष नेपाली डाक्टर रोजगारी खोज्दै बिदेसिन बाध्य छन् ।

राजनीतिक हस्तक्षेप: नेपाली स्वास्थ्य क्षेत्र राजनीतिक दलहरुको नियन्त्रण र प्रभाव विस्तार गर्ने थलो बनेको छ । नेताहरु र उनीहरुका सहयोगीले पूरै अस्पताल कब्जा गरेर जागिर, पदोन्नति र स्रोतहरुको बाँडफाँड योग्यताभन्दा सम्बन्ध र पक्षपातका आधार मा गर्छन् । यसरी दक्ष र योग्य डाक्टरलाई भन्दा राजनीतिक पहुँच भएकालाई अवसर दिइन्छ । यसले गर्दा नेपालमा स्वास्थ्य सेवाको गुणस्तर झनै खस्कँदै पनि गएको छ ।

हामीकहाँ प्राय: नीतिहरु प्रणाली सुधार गर्ने उद्देश्यले भन्दा पनि सत्तामा रहेका व्यक्तिका व्यक्तिगत स्वार्थको पूर्तिका लागि डिजाइन गरिन्छ । स्रोत साधनको दुरूपयोग हुन्छ, अस्पतालहरुको आधुनिकीकरण, आवश्यक औषधि र उपकरणहरुको खरिद वा पूर्वाधार सुधारका लागि छुट्याउनुपर्ने पैसा प्राय: व्यक्तिगत खल्तीहरुमा जान्छ । फलस्वरुप, एक भ्रष्ट स्वास्थ्य सेवा प्रणाली अस्तित्वमा आउँछ, जहाँ डाक्टरहरुबाट कुनै समर्थन विनाचमत्कार र जादुको अपेक्षा गरिन्छ ।

असुरक्षित कार्यस्थल : नेपालमा डाक्टरहरु नियमित रुपमा भौतिक आक्रमण, धम्की र सार्वजनिक अपमानको समेत सिकार बन्ने गरेका छन् । उपचार प्रक्रियाका क्रममा सन्तोषजनक नतिजा नआएपछि आक्रोशित भीडले अस्पतालका कर्मचारीलाई आक्रमण गर्ने घटना सामान्य बनेका छन् ।

नेपाल सरकार स्वास्थ्य क्षेत्रका कर्मचारीलाई यस्ता हिंसाबाट जोगाउन कडा नीतिहरु लागु गर्न असफल ठहरिएको छ । डाक्टर हरु आफ्नो जीवन जोखिममा पारेरै सेवा दिन बाध्य छन् ।

सिनियर/जुनियर ट्रक्सिसिटी : भ्रष्टाचार र सरकारी उपेक्षासँगै नेपालका डाक्टर आफ्ना वरिष्ठ समकक्षीबाट समेत दुर्व्यवहारको सिकार भइरहेका छन् । चिकित्सा क्षेत्रमा प्रभुत्व र शोषणको संस्कृतिले गहिरो रुपमा जरा गाडेको छ । तसर्थ धेरै युवा डाक्टरहरुको यात्रा कठिन हुन्छ । सिनियर डाक्टरहरु आफ्ना जुनियरका लागि आफू अनुकूल मापदण्ड तय गर्छन् र क्लिनिकल अभ्यासका उनीहरुमाथि अपमानजनक व्यवहार गर्छन् । यसले सकारात्मक सिकाइ वातावरण सिर्जना गर्नुभन्दा उल्टै डर, दबाब र असहजता बढाएको स्पष्ट देखिन्छ ।

हालैको एक अन्तर्वार्ताका क्रममा एक वरिष्ठ डाक्टरसाबले ग्रामीण क्षेत्रमा कार्यरत डाक्टरहरुले बिरामीलाई 'इन्द्रयुबेट' गर्नुपर्नेमा निकै जोड दिएको देखियो । यसमा प्रश्न छ 'इन्द्रयुबेसन'का क्रममा बिरामीको मृत्यु भयो भने यसको जिम्मेवारी कसले लिने ? जुनियर डाक्टरहरुको सुरक्षाको प्रत्याभूति कसले गर्ने ? प्राथमिक स्वास्थ्य केन्द्रहरु वा स्वास्थ्य चौकीहरुमा आईसीयू वा भेन्टिलेटरजस्ता जीवनरक्षक सुविधा नै उपलब्ध हुँदैनन्, त्यस्तो अवस्थामा इन्द्रयुबेट गरिएका बिरामीलाई ढुला अस्पतालमा स्थानान्तरण गर्न असमर्थ भएमा उनीहरुको अवस्था के हुने ? यसले बिरामीको स्वास्थ्यमा कसरी सुधार पुऱ्याउँछ ?

इन्द्रयुबेसन एक जटिल प्रक्रिया हो, जसलाई आपतकालीन अवस्थामा पनि अत्यन्तै सावधानीपूर्वक गर्नुपर्छ । अनुभवी एनेस्थेसियोलोजिस्टहरुलाई समेत कहिलेकाहीं यो प्रक्रिया निकै चुनौतीपूर्ण हुन सक्छ तर न्यूनतम स्रोतसाधन, तालिम र कुनै सुपरीवेक्षणबिना नै जुनियर डाक्टरलाई यस्तो जोखिमपूर्ण काम गर्न बाध्य पारिन्छ । त्यस्तै बिरामीको जीवन बचाउने प्रयास गर्दा विभिन्न कमजोरीका कारण उनीहरु आफैं कानुनी, मानसिक र व्यावसायिक संकटमा पर्ने जोखिममा समेत रहन्छन् ।

नेपालको चिकित्सा क्षेत्रको विषाक्त वातावरणको पछिल्लो उदाहरण धुलिखेल अस्पतालमा देख्न सकिन्छ, जहाँ मनोचिकित्सा विभागका एक आवासीय डाक्टरले आ नै विभागका प्राध्यापक र वरिष्ठ चिकित्सकबाट निरन्तर उत्पीडन तथा दुर्व्यवहार सहनुपरेपछि आत्महत्याको प्रयास गर्न बाध्य हुनुपऱ्यो । यस घटनाले नेपालमा चिकित्सा पेसासँग जोडिएका युवा डाक्टरहरुको मानसिक स्वास्थ्यलाई प्राय: बेवास्ता गरिने र सहयोगका लागि गरिएको गुहार नसुनिने गम्भीर वास्तविकतालाई उजागर गरेको छ । नेपाली डाक्टरको मानसिक स्वास्थ्य आफ्नै मनोचिकित्सा विभागमै सुरक्षित छैन भने अन्यत्र कहाँ सुरक्षित हुन सक्छ ?

नेपाली डाक्टरहरुको ब्रेन ड्रेन : यी कठोर परिस्थितिलाई हेर्दा हजारौं नेपाली डाक्टरले हरेक वर्ष राम्रो अवसरको खोजीमा विदेश जाने निर्णय गर्नु कुनै अस्वाभाविक होइन । अमेरिका, अस्ट्रेलिया र बेलायतजस्ता देशले नेपालका योग्य र दक्ष डाक्टरहरुको 'ब्रेन ड्रेन'बाट निकै फाइदा उठाइरहेका छन् । तर नेपाल सरकारले यो गम्भीर समस्याको मूल कारणलाई सम्बोधन गर्नुपर्ने ठाउँमा मौनता साँध्दा देशको स्वास्थ्य सेवा प्रणाली झनै गम्भीर संकटमा पर्दै गएको छ ।

परिवर्तनका लागि गुहार : हामीकहाँ डाक्टरहरु विविध कारण असन्तुष्टिको चरम बिन्दुमा पुगेका छन् । स्वास्थ्य सेवा क्षेत्रलाई तहसनहस पार्ने शोषण, भ्रष्टाचार र राजनीतिक हस्तक्षेपलाई नियन्त्रण नगर्ने हो भने स्वास्थ्य सेवा प्रणाली नै धराशायी हुने खतरा छ । सरकारले सक्षम र योग्य उम्मेदवारको नियुक्ति गर्नुका साथै स्वास्थ्यकर्मीहरुको सुरक्षा, उचित पारिश्रमिक सुनिश्चित, थप रोजगारीका अवसरहरु सिर्जना र निजी चिकित्सा संस्थाहरुको अनियन्त्रित प्रभाव अन्त्य गर्न ठोस नीति लागु गर्नुपर्नेछ ।

रातोपाटीबाट

बागमती प्रदेशमा आठ सय ९३ वटा घरेलु हिंसा

○ सहीखबर संवाददाता

बागमती प्रदेशमा आठ सय ९३ वटा घरेलु हिंसा र चार सय ६६ वटा लैङ्गिक हिंसाका घटना भएको छ ।

चालु आर्थिक वर्ष २०८१/८२ को फागुन सम्मको तथ्याङ्क हेर्दा प्रदेशभित्र लैङ्गिक र घरेलु हिंसाका घटनाहरु वृद्धि भएको हो । आठ महिनाको अवधिमा जिल्लागत रुपमा लैङ्गिक हिंसाका घटना अन्तरगत चितवनमा ७९,मकवानपुरमा ७७,सिन्धुलीमा ५०,दोलखामा २६,रामेछापमा २१, सिन्धुपाल्चोकमा ५३,काभ्रेमा ५७ वटा,धादिङमा ५७ , रसुवामा ४ वटा र नुवाकोटमा ४२ वटा रहेका छन् । लैङ्गिक हिंसाका घटनाको तथ्याङ्कमा सबैभन्दा बढी चितवन जिल्लामा ७९ वटा र सबै भन्दा कम रसुवामा ४ वटा लैङ्गिक हिंसाका घटना भएको प्रदेश प्रहरी कार्यालय हेटौडाले जनाएको छ ।

यस्तै चालु आर्थिक वर्षमा प्रदेश भित्र घरेलु हिंसाका घटनाहरुको तथ्याङ्क अनुसार चितवनमा ३ सय ३९ वटा, काभ्रे जिल्लामा एक सय १८ वटा, मकवानपुरमा एक सय ७२ वटा, धादिङमा ६२ वटा, सिन्धुलीमा ७३ वटा नुवाकोटमा ६३ वटा, दोलखामा १६ वटा, सिन्धुपाल्चोकमा ४१ वटा, रामेछापमा ९ वटा रहेकाछन भने रसुवामा एउटा पनि घरेलु हिंसाका घटना नभएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौडाले जनाएको छ ।

सबैभन्दा बढी चितवनमा र कम रामेछापमा देखिन्छ भने रसुवामा शून्य घटना घटेको तथ्याङ्कले जनाउँदछ । बागमती प्रदेशमा लैङ्गिक तथा घरेलु हिंसाको ग्राफ निरन्तर उकालो लागेको छ । काठमाडौं उपत्यका बाहेक प्रदेशका १० वटा जिल्लामा विगत वर्षको तथ्याङ्क विश्लेषण गर्दा लैङ्गिक तथा घरेलु हिंसाका घटनाको ग्राफ निरन्तर उकालो लागेको पाइएको हो ।

यो आवमा लैङ्गिक हिंसा अन्तरगत आत्महत्याका घटनामा २ सय ७ वटा उजुरी परेको छ ।

सबैभन्दा बढी मकवानपुरमा ३९ जनाको मुद्दा रहेको छ भने सबै भन्दा कम रसुवामा शून्य रहेको छ । यस्तै जबरजस्ती करणीका घटनामा एक सय ६६ वटा उजुरी परेकोमा सबैभन्दा बढी चितवनमा ३४ वटा मुद्दा परेको छ भने सबैभन्दा कम रसुवा र रामेछापमा तिन तिन वटा मुद्दा परेको छ ।

जबरजस्ती करणी उद्योग तर्फ प्रदेश भरी ३४ वटा मुद्दा दर्ता भएकोमा सबैभन्दा बढी सिन्धुपाल्चोक र काभ्रेमा ६९६ वटा मुद्दा रहेकाछन भने सबैभन्दा कम रामेछाप र रसुवामा शून्य रहेको छ । यस्तै मानव बेच बिखनको मुद्दातर्फ प्रदेश भरी ६ वटा मुद्दा रहेका छन जसमा चितवन,काभ्रे र नुवाकोटमा दुई दुई वटा मुद्दा रहेका छन भने अन्य जिल्लामा शून्य रहेको छ ।

बहुविवाह तर्फ प्रदेशभर २६ वटा मुद्दा दर्ता भएकोमा सबैभन्दा बढी मकवानपुर र सिन्धुलीमा पाँच पाँच वटा रहेका छन भने दोलखामा शून्य रहेको छ । बालविवाह तर्फ प्रदेशभर सिन्धुलीमा दुई वटा मुद्दा रहेको छ भने अन्य जिल्लामा सुन्य रहेको छ ।

यस्तै बाल यौन दुराचार मुद्दातर्फ प्रदेशभर २४ वटा घटना दर्ता भएकोमा सबैभन्दा बढी चितवनमा सात वटा रहेको छ भने सिन्धुली,दोलखा र रसुवामा शून्य घटना रहेको छ । अप्राकृतिक मैथुन मुद्दा अन्तरगत काभ्रेमा एउटा मात्र घटना भएको देखिन्छ । यो आर्थिक बर्ष २०८१८२ मा बोक्सीको आरोपका घटनाका कुनै पनि जिल्लामा मुद्दा दर्ता नभएको तथ्याङ्कले देखाएको छ ।

हेटौंडा स्कुलअफ म्यानेजमेन्टद्वारा

उद्यमी बन्न विद्यार्थीलाई बीउ पुँजी

○सहीखबर संवाददाता



मकवानपुर । हेटौंडा उपमहानगर पालिका ४ स्थित हेटौंडा स्कुल अफ म्यानेजमेन्टले स्नातक तह अध्ययनरत विद्यार्थीलाई व्यवसाय सञ्चालनका लागि बीउ पुँजी हस्तान्तरण गरेको छ ।

मंगलबार एक कार्यक्रमका बीच उद्यम तथा व्यवसायको प्रवर्द्धन गर्ने कम्पनीको रूपमा सञ्चालित द एड मेकर्सलाई १० लाख रूपैयाँ बीउ पुँजीमध्ये दोस्रो किस्ताबापत ४ लाख रूपैयाँ बीउ पुँजी हस्तान्तरण गरेको हो ।

म्यानेजमेन्टका प्रिन्सिपल पुरनबहादुर जोशीले द एड मेकर्सका सञ्चालक वाणिज्य संकायमा स्नातक तह तृतीय वर्षमा अध्ययनरत विद्यार्थी सक्षम ज्ञवालीलाई ४ लाख रूपैयाँ हस्तान्तरण गरेका हुन् । यसअघि पनि ज्ञवालीलाई म्यानेजमेन्टले बीउ पुँजी हस्तान्तरण गरेको थियो । एक वर्षअघि एक लाख ५० हजार रूपैयाँ बीउ पुँजी हस्तान्तरण गरेको म्यानेजमेन्टले २ महिनापछि थप ४ लाख ५० हजार रूपैया हस्तान्तरण गर्नेछ ।

विश्वविद्यालय अनुदान आयोग ९युजीसी० मार्फत प्राप्त बीउ पुँजी विद्यार्थीलाई हस्तान्तरण गरिएको प्रिन्सीपल पुरनबहादुर जोशीले बताए ।

विद्यार्थीलाई उद्यमशीलता र नवप्रवर्तनमा प्रेरित गर्न म्यानेजमेन्टले 'ओपन इनोभेसन हब' नै स्थापना गरेर सञ्चालन गरिरहेको छ । पहिलो किस्ता बापतको एक लाख ५० हजार रूपैयाँ ज्ञवालीले फिर्ता गरिसकेका छन् ।

उद्यम तथा व्यवसायको विज्ञापन निर्माण गर्ने द एड मेकरले १ सयभन्दा बढी सेवाग्राहीलाई सेवा गरिसकेको र अहिले पनि ३० वटा नियमित सेवाग्राही रहेको ज्ञवालीले बताए । हालसम्म १२ लाख ७६ हजार रूपैयाँ लगानी भइसकेको कम्पनीका लागि प्राप्त बीउ पुँजीले व्यवसाय विस्तार गर्न र कम्पनीको कार्यालय व्यवस्थापनमा पनि सहयोग पुग्ने ज्ञवालीको भनाइ छ । हेटौंडा स्कुल अफ म्यानेजमेन्टको र णनीति तथा नवप्रवर्तन विभागका प्रमुख दिपेश खनालले सक्षम जस्तै अरू पनि विद्यार्थीहरू व्यवसाय, उद्यममा क्रियाशील रहेको जानकारी दिए । म्यानेजमेन्टका प्रिन्सीपल जोशीले महत्वाकांक्षी परियोजनाको रूपमा विद्यार्थीलाई उद्यमशीलता र नवप्रवर्तनमा जोडी बीउ पुँजी दिने काम गरिएको बताए ।

ुविश्वविद्यालय अनुदान आयोगले निजी शैक्षिक संस्थामार्फत बीउ पुँजी दिने व्यवस्था नहुँदा पनि आफूहरूले माग गरेर विद्यार्थीलाई वितरणको व्यवस्था मिलाएको हो, उनले भने । विश्वविद्यालय अनुदान आयोगले विद्यार्थीलाई बीउ पुँजी वितरण गर्न म्यानेजमेन्टलाई पहिलो किस्ताबापत १७ लाख १० हजार रूपैयाँ दिएको छ

उपमहानगरको खर्च ८ महिनाको खर्च ३३ प्रतिशत

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशको राजधानीसमेत रहेको हेटौंडा उपमहानगरपालिकाले चालू आवको ८ महिनामा ३३ प्रतिशतमात्र बजेट खर्च गरेको छ। उपमहानगपालिकाले आव ०८१।८२ को साउनदेखि फागुनसम्म ३३ दशमलव ६५ प्रतिशतमात्र खर्च गरेको हो।

उपमहानगरले आव ०८१।८२ का लागि संशोधनसहित २ अर्ब ७२ करोड रूपैयाँको बजेट पारित गरेको थियो। जसमध्ये ८५ करोड २ लाख ६७ हजार ७७७ रूपैयाँमात्र खर्च भएको हो।

उपमहानगरको पुँजीगत खर्चभन्दा चालू खर्च धेरै देखिएको छ।

उपमहानगरले ८ महिनामा चालूतर्फ ७० करोड १२ लाख ५४ हजार १४८ रूपैयाँ अर्थात ४१ दशमलव ८१ प्रतिशत खर्च गरेको छ।

पुँजीगततर्फ १४ करोड ५० लाख ३८ हजार ८२२ रूपैयाँमात्र अर्थात १७ दशमलव २८ प्रतिशतमात्र खर्च भएको उपनगरपालिकाका सूचना अधिकारी भानुभक्त थपलियाले जानकारी दिए।

वित्तिय व्यवस्थातर्फ ३९ लाख ७३ हजार ७०६ अर्थात ३९ दशमलव ७४ प्रतिशत खर्च भएको उनले बताए।

उपमहानगरपालिकाले प्रशासनिक दण्ड जरि वाना र जफतबाट ३० लाख रूपैयाँ राजश्व संकलन गरेको छ। धरौटीमार्फत ३० हजार, अन्य राजश्वमार्फत ३ लाख ५० हजार र १ करोड ६३ लाख ९९ हजार ३ सय रूपैयाँ राजश्व संकलन गरेको छ।

साथै बेरूजुवापत ३ लाख, बैंक मौज्दात १७ करोड ६० लाख र अन्य संस्थाहरूबाट प्राप्त ३ करोड ६० लाख रूपैयाँ प्राप्त भएको उपमहानगर पालिकाले जनाएको छ ।

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

मुलुकी अपराध संहिता २०७४ अनुसार:

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) ।यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ । विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं । सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

राक्सिराङ गाउँपालिका

गाउँ कार्यपालिका कार्यालय, मकवानपुर

सहीखबर
सही समिक्षा/सहीवार्ता
२०८१ चैत १४ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

अनलाइनबाटै ब्लुबुक नवीकरण

बागमती प्रदेशमा रहेका १४ मन्त्रालयहरू मध्येको एक मन्त्रालय हो, श्रम रोजगार तथा यातायात मन्त्रालय। राजश्व संकलनमा समेत अब्बल देखिएको यस मन्त्रालयले पछिल्लो समय यातायातको क्षेत्रमा सुधार ल्याउन नविनतम कार्यहरू गर्दै आएको छ। जसमध्येको प्रमुख कार्य हो सवारी साधनहरूको विद्युतीय अभिलेख सिर्जना (डिजिटाइजेसन) को सुरुवात ।

प्रदेशका ४ वटा यातायात कार्यालयहरू मार्फत सवारीको विद्युतीय अभिलेख राख्न सुरु गरिएको छ। डिजिटाइजेसनका लागि मन्त्रालयले १ सय जना तथ्यांक प्रविष्ट गर्ने कर्मचारीको व्यवस्था गरेको छ। यो व्यवस्था लागू भएपछि सवारी साधनको कर अनलाइनबाटै तिर्न सकिने मन्त्रालयले जनाएको छ। यी र यस्तै विषयमा केन्द्रित रहेर बागमतीका श्रम, रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जन सँग पत्रकार सुनिता विष्ठले गर्नुभएको कुराकानीको सम्पादीत अंश:


श्रम, रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जन

बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयको जिम्मेवारी सम्हाल्नुभएको ८ महिना पूरा भयो, कस्तो हुँदै छ कार्यकाल ?

ठिकै छ। केही गर्छु भन्ने हुटहुटी लिएर प्रदेश सरकारमा सहभागी भइयो। यो ८ महिनको दौरानमा हामीले यातायातको क्षेत्रमा निकै फड्को मारेका छौं भन्ने अनुभव गरेका छौं। विभिन्न यातायात क्षेत्रका साथीहरूसँग छलफल गर्ने क्रममा थुप्रै खालका नीतिगत कुराहरू र गर्नुपर्ने कामहरूको बारेमा छलफल गरेका छौं। जे होस् मज्जा लागिरहेको छ।

बागमतीमा मात्रै ८ भन्दा बढी सवारी चालकहरु सवारी लाइसेन्सको पर्खाइमा छन्, उनीहरुले लाइसेन्स कहिले पाउने?

यस्तो छ, नवीकरण र नयाँ गरि बागमतीमा हामीले ८ लाख ५० हजार लाइसेन्स दिन बाँकी छ। त्यसमा हामीले एकैपटक साढे ८ लाख लाइसेन्स दिन सक्ने अवस्था छैन। त्यसकारण प्रत्येक सवारी चालकहरूको लाइसेन्स डिजिटाइजेसन गरिसकेका छौं। नागरिक एपमा हेर्न सक्नुहुन्छ। यो युग भनेको विज्ञान र प्रविधि तथा आइटीको युग हो।

सकेसम्म हामी आइटीलाई प्रयोग गरेर कसरी सुशासन दिने भन्ने तर्फ अग्रसर छौं। त्यसको सुरुवात भनेको प्रत्येक मोबाइलमा भएको नागरिक एपमा लाइसेन्स दिनु हो। अहिले बागमती प्रदेशको हकमा कुनै पनि चालकहरूले गल्तीमा लाइसेन्स बोकेर हिड्ने झन्झट गरिरहन आवश्यक छैन। ट्राफिकको चेकिङमा पर्दा नागरिक एपमा गएर क्यूआर कोड सहितको लाइसेन्स देखाउन सक्नुहुन्छ।

तर, सबै सवारी चालकहरुसँग स्मार्ट फोन उपलब्ध नहुन पनि सक्छ, नागरिक एप चलाउन नजान्ने चालकहरु पनि हुनुहोला। उहाँहरुको लागि त गोजीमै लाइसेन्स बोक्नुको विकल्प छैन, कागजमै प्रिन्ट भएको लाइसेन्स कहिले आउँछ ?

पक्कै पनि। तपाँइले उठाउनु भएको सवाल पनि जायज हा। तर पछिल्लो समय ८० देखि ९० प्रतिशत मानिसहरूसँग स्मार्ट फोन छ। घाँस काट्ने किसान देखि सबैको हातमा स्मार्ट फोन उपलब्ध छन्। यदी छैन भने पनि लाइसेन्सको डिजिटल कपी साथमा राख्न सक्नुहुन्छ। स्मार्ट फोन नभएका त्यस्ता सवारी चालकहरूलाई प्राथमिकतामा राखेर हामी मन्त्रालयको तर्फबाट छिटो लाइसेन्स वितरण गर्ने लिष्टमा राखेर लाइसेन्स वितरण गर्ने प्रक्रिया थाल्छौं।

यहाँको भनाइ अनुसार लाइसेन्स वितरणका लागि चालकहरुसँग लाइसेन्स छ कि छैन भनेर मन्त्रालयले तथ्यांक निकाल्छ ?

होइन। ठ्याक्कै त्यस्तो तथ्यांक आउन सम्भव नहोला, तर कोही सवारी चालकहरूले मसँग स्मार्ट फोन भएन। लाइसेन्स छिटो चाहियो भनेर प्रमाण सहित मन्त्रालय आउनुभयो भने उहाँहरूलाई प्राथमिकतामा राखेर लाइसेन्स दिने हो।

अब छिट्टै हामीले लाइसेन्स छपाईको काम सुरुवात गर्दैछौं। तर पछिल्लो समय सवारी चालकहरू आफै नागरिक एपमा भएको लाइसेन्स देखाउन उत्साहित देखिनु भएको रिर्पोटिङ छ। काठमाडौंको उपत्यका ट्राफिक प्रहरी कार्यालयले पनि यसलाई मान्यता दिइसकेको अवस्था छ। अनलाइनबाटै जरिवाना तिर्ने सवारी चालकहरूको समेत बृद्धि भएको तथ्यांक छ।

अहिले बागाती प्रदेश सरकारले सवारीका पुराना ढड्डाहरुलाई डिजिटाइजेसन गर्न सुरूवात गरेको छ। हालसम्म कति फाइल विद्युतीय प्रणालीमा लान सकियो ? कसरी काम भैरहेका छन् ?

यो एकदमै राम्रो भैरहेको छ। गत फागुनको ५ गते गुर्जुधाराबाट उद्घाटन गर्यौं। हालसम्मको अवधिमा करिब १० हजार ढड्डाहरू डिजिटाइजेसन भएको तथ्यांक छ। अहिले ४ वटा यातायात कार्यालयबाट सुरु भएको यस प्रक्रियालाई अब सबै यातायात कार्यालयहरूमा विस्तार गरेर छिट्टै सबै पुराना ढड्डाहरूलाई विद्युतीय प्रणालीमा प्रविष्ट गर्ने लक्ष्यमा छौं।

डिजिटाइजेसन गर्नुपर्ने ढड्डा कति छन ? कति समय लाग्ला यो सबै फाइलहरुलाई विद्युतीय प्रणालीमा लैजान?

मोटामोटी २६ लाख जति ढड्डाहरू छन् भन्ने छ। बागमती प्रदेशमा मात्रै । यी फाइलहरूलाई डिजिटाइज गर्नको लागि २ वर्ष लाग्ने हामीले अनुमान गरेका छौं। हाम्रो टोटल प्याकेज भनेको २ वर्षभित्रमा सकाउने भन्ने हो। त्यसकारण अझ यसलाई हामीले कसरी छिटो छरितो रुपमा गर्न सक्छौं भनेर विकल्पहरू निकालेका छौं। त्यस्तो विकल्प भनेको चाहिँ उनीहरूलाई ओभरटाइमको ज्याला उपलब्ध गराएर भए पनि छिटो सकाउने भन्ने हो। अनुमान गरिएको दुई वर्ष भन्दा पनि एक/डेढ वर्षमै काम सकाउनका लागि हामी लागिपरेका छौं।

डिजिजाइजेसन भएपछि नागरिकले पाउने महत्वपूर्ण सुविधा के हो? कति आवश्यक छ यो ?

हाम्रो मुख्य उदेश्य भनेको सुशासनको हिसाबले जनताहरूलाई सर्भिस दिने क्रममा यातायात कार्यालयसम्म जानु परेन भने सुशासनले दिने जुन माहोल हो, त्यो सिर्जना हुन्छ। चालक र यातायात कार्यालयका कर्मचारीहरूबीच भएका दुरी कम गर्दै जाने हाम्रो लक्ष्य हो। यो भएपछि लाइसेन्स देखि बिल बुक र सम्पूर्ण कुराहरू अनलाइन प्रणालीबाट हात/हातमा दिने काममा अगाडि बढेका छौं।

प्रदेशका १४ वटा मन्त्रालयहरू मध्ये सबैभन्दा धेरै राजश्व संकलन गर्ने मन्त्रालय पनि हो श्रम रोजगार तथा यातायात मन्त्रालय, ७ महिनामा लक्ष्यको झण्डै ६० प्रतिशत राजश्व संकलन भैसकेको अवस्था छ। आ.व को अन्तयसम्म कति राजश्व संकलन होला?

६४ अर्बमाथिको हाम्रो कुल बजेट हो। त्यो कुल बजेटमा हाम्रो यातायात क्षेत्रबाट १३ अर्ब रुपैयाँ संकलन गर्छौं भन्ने अनुमान छ। तर यो आर्थिक वर्षमा १३ अर्बभन्दा बढाउने मेरो लक्ष्य हो। लक्ष्यभन्दा पनि माथि पुग्ने अनुमान पनि बढेको अवस्था छ।

बागमतीमा सवारी कर बढी भयो भन्ने आम नागरिकको जनगुनासो बढ्दो छ, राजश्व संकलनलाई मात्रै ध्यानमा राख्दा नागरिकहरु मारमा परेका हुन् कि ?

छैन छैन। त्यस्तो खालको जनगुनासो आए जस्तो त मलाई लाग्दैन। करकै हिसाबमा हामी बढी त छैनौं। तर एक दुई वटा प्रदेशहरूले आफ्नो प्रदेशमा कर छुटको व्यवस्था गर्नुभएको पाइयो। कर छुट दिएपछि आफ्नो प्रदेशमा सवारी दर्ता गर्न आउनुहुन्छ कि भनेर कर्णाली प्रदेशले पनि छुटको व्यवस्था गरेको रहेछ। मधेस प्रदेशमा पनि कर केही कम छ। यो हिसाबले हाम्रोमा धेरै भएजस्तो देखिएको मात्रै हो। अन्य प्रदेशको तुलनामा बागमतीमा समान सवारी कर लागू छन्।

यस मन्त्रालयले यातायातको क्षेत्रमा मात्रै नभएर श्रम र रोजगारका क्षेत्रको समेत दायित्व बोकेको छ। यस क्षेत्रमा के के गतिविधि भैरहेका छन्? रोजगारी सिर्जना गर्न मन्त्रालयको भूमिका के छ?

हामीले श्रम, रोजगारका क्षेत्रमा युवाहरूलाई लक्षित कार्यक्रम ल्याउन लागेका छौं। त्यसमा प्रदेशका १ हजार जना युवाहरूलाई रोजगारी मुलक तालिम दिन खोजिरहेका छौं। त्यो भनेको आइटी क्षेत्रसँग सम्बन्धीत रहने छन्। पछिल्लो एउटा अध्ययन गरेको थिएँ मैले। त्यो अध्ययन अनुसार बागमतीमा झण्डै २५ हजार युवाहरूले काम गर्न सक्ने आइटी क्षेत्रको मार्केट खाली छ।

खाली भएका बजारलाई हामी किन ट्याप नगर्ने ? यहाँका युवाहरूलाई दक्ष बनाएर रोजगारी प्रदान किन नगर्ने ? भन्ने मनाशायले अन द जब ट्रेनिङ दिन खोजिरहेका छौं । जसले सीप सिकेपछि पहिलो महिनाबाटै ४५/५० हजार रुपैयाँ आम्दानी गर्न सक्छन्।

जसका लागि हाम्रो मन्त्रालयले प्रति व्यक्ति ५ लाख रुपैयाँ कोषमा जम्मा गरिदिन्छ, तालिम पछि काम गरेको तलब आउन थालेपछि मन्त्रालयलाई किस्तामा रकम फिर्ता गर्नुपर्ने हुन्छ। यसबाहेक महिलाहरूलाई नै प्राथमिकतामा राखेर सीपमा जोड्न सीपमुलक तालिमहरूमा पनि लगानी बढाइरहेका अवस्था छ।

अन्त्यमा, विद्यार्थीकालबाटै राजनीतिमा लागेर दशकौं बिताइसके पछि अहिले बागमतीको मन्त्रालय सम्हाल्नु भएको अवस्था छ, कत्तिको चुनौती रहेछ मन्त्रालय सम्हालेर जनताको काम गर्न ?

चुनौती त पक्कै पनि छ। एउटा मान्छे जन्मेदेखि नमर्दासम्म नै चुनौती बोकेरै हिड्नुपर्ने हुन्छ। तपाँईहरूको यो पेशामा पनि आफ्नो तर्फको चुनौतीहरू होला, चुनौतीको पाटो मात्रै फरक हुने हुन्।

मैले मन्त्रालय सम्हाल्दै गर्दा कहिले नीतिगत चुनौती छन्। कतिपय कार्यक्रम कार्यान्वयन गर्ने क्रममा चुनौती छन्। कर्मचारीहरूबीच सहकार्य नमिलेको अवस्थामा पनि काम गर्न चुनौतीको सामना गर्नुपर्ने हुन्छ। तर चुनौतीका बावजुद पनि हामीले केही गर्नुपर्छ भन्ने भावना अगाडि ल्याएका छौं।

मलाई लाग्छ, कार्यालय प्रमुखहरूको पनि राम्रै सहयोग र सहकार्य पाइरहेको छु। म मन्त्री हुँ, सबै कर्मचारी मेरै क्याबिनमा आउनपर्छ भन्ने मान्यता म राख्दिनँ। सबै कार्यालय प्रमुखहरूको कोठामा म आफैं पुग्छु। स्टाफ साथीहरूसँग नियमित छलफलमै रहन्छु।

उहाँहरूको गुनासो सुन्छु। समस्या समाधानका लागि प्रयत्न गर्छु। त्यसैले पनि होला सायद, चुनौती भए पनि काम गर्न निकै रमाइलो लागिरहेको छ। मन्त्रीको काम झण्डा हल्लाएर गाडिमा घुम्ने मात्रै होइन, काम पनि गर्छौं भन्ने पुष्टि गर्न लागिपरेको छु। यसमा सबैको साथ पनि उत्तिकै पाएको छु ।

हेटौंडाकी पत्रकार सुनिता विष्ठले तयार पारेको यो सामाग्री नेपाल खबर अनलाइनमा पनि प्रकाशित छ ।

अभिव्यक्ति स्वतन्त्रताको माध्यम पत्रकारिता, हनन गर्न पाइदैन: खरेल

○ सहीखबर संवाददाता

मकवानपुर । राष्ट्रिय मानव अधिकार आयोगका सचिव मुरारीप्रसाद खरेलले अभिव्यक्ति स्वतन्त्रताको माध्यम पत्रकारिता भएकोले हनन गर्न नपाइने बताएका छन् ।

राष्ट्रिय मानव अधिकार आयोगको आयोजना र फ्रिडम फोरमको संयोजनमा हेटौंडामा आइतबार भएको अभिव्यक्ति स्वतन्त्रता र पत्रकार सुरक्षा सम्बन्धी प्रादेशिक अभिमुखीकरण कार्यक्रममा उनले यस्तो बताएका हुन् ।

अभिव्यक्ति स्वतन्त्रता सुरक्षा संयन्त्र कार्यविधि निर्देशिका २०७५ ले सुरक्षा संयन्त्रको गठन, निर्देशक समिति, द्रुत उद्धार टोली, प्रदेश र जिल्ला स्तरमा संयन्त्र र सञ्जाल गठन गर्ने व्यवस्था गरेको उनले बताए ।

नियमनका नाममा नागरिकको अभिव्यक्ति स्वतन्त्रता हनन गर्न नपाइने उनले बताए । 'कुनै पनि बहाना बनाई नागरिकलाई अभिव्यक्ति स्वतन्त्रतामाथि बन्देज लगाउन तथा वञ्चित गर्न पाइदैन' उनले भने ।

करैको असक्षमता र नबुझेका कारण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता ठिक होइन र छैन भन्नु उचित होइन भन्दै उनले पत्रकारिता अभिव्यक्ति स्वतन्त्रताको माध्यम भएको बताए ।

आयोगका सहसचिव यज्ञप्रसद अधिकारीले पछिल्लो समयमा पत्रकारमाथि हुने भौतिक आक्रमणका घटना कम भएपनि सुरक्षा चुनौतीका वरूप परिवर्तन भएको बताए । 'अभिव्यक्ति स्वतन्त्रता मानव अधिकारको केन्द्र विन्दु हो' उनले भने 'प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति दिने दायित्व सरकारको रहेको छ ।' फ्रिडम फोरमका कार्यकारी प्रमुख तारानाथ दाहालले नियन्त्रण र नियमनको नाममा अभिव्यक्ति स्वतन्त्रमाथि चुनौती बढेको बताउँदै सबैको साझा प्रयासमा नागरिकको अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता गर्न सकिने बताए ।

कार्यक्रममा मानव आधिकार आयोग बागमती प्रदेशका कार्यालय प्रमुख पवनकुमार भट्टले प्रदेश स्तरीय अभिव्यक्ति स्वतन्त्रता संरक्षण संयन्त्रको गतिविधि र संयन्त्रका समस्या सम्बन्धमा जानकारी गराएका थिए । यसैगरी फ्रिडम फोरमकी अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अनुगमनकर्ता नानीमैया खड्काले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अवस्था र घटनाहरूको जानकारी गराएकी थिइन् ।

कार्यक्रममा सञ्चारकर्मीहरू कृष्ण सारू, कुमार अधिकारी, सुरेश श्रेष्ठ, वसन्त पराजुली, माधव न्यौपाने, राजन सिंह, अधिकार कर्मीहरू कुमारी वाइवा, कमल विश्वकर्मा, शर्मिला श्रेष्ठ, बागमती प्रदेशका सञ्चार रजिष्ट्रार रेवती सापकोटा, बागमती प्रदेशका मुख्यमन्त्री कार्यालयका उपसचिव विनोद अमात्यलगायतले अभिव्यक्ति स्वतन्त्रता सुरक्षा संयन्त्रको भूमिकालाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए ।

राष्ट्रिय स्वास्थ्यकर्मी महासंघ मकवानपुर अध्यक्षमा चौलागाईं

○ सहीखबर संवाददाता



मकवानपुर । राष्ट्रिय स्वास्थ्यकर्मी महासंघ मकवानपुरको अध्यक्षमा उत्सव चौलागाईं चयन भएका छन् । मकवानपुरको हेटौंडामा भएको स्वास्थ्यकर्मी महासंघको चौथो जिल्ला अधिवेशनले चौलागाईंको नेतृत्वमा १५ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।

स्वास्थ्यकर्मी महासंघ उपाध्यक्षमा लक्ष्मी पौडेल र सानी मोक्तान, सचिवमा हीरालाल तामाङ, कोषाध्यक्षमा समाधी बल, उपसचिवमा सविता पौडेल चयन भएका छन् । यस्तै सदस्यमा मोहन खतिवडा, परिदेश पराजुली, रूपेश सिलवाल, मेनुका यादव, पार्वती पौडेल, मिलन थापासहित सर्वसम्मत चयन भएका छन् ।

स्वास्थ्यकर्मीहरूको हक हितमा संगठित संघको अधिवेशन मकवानपुरको इन्द्रसरोवर गाउँपालिका, भिमफेदी गाउँपालिका र राक्सिराङ गाउँपालिकामा सम्पन्न भैसकेको छ भने, बाँकी पालिकामा तयारी भइरहेको बताइएको छ । अधिवेशन नितर्वमान अध्यक्ष भोलानाथ चौलागाईंको अध्यक्षता तथा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोर मणि पौडेलको प्रमुख आतिथ्यमा भएको हो ।

मकवानपुरले स्वास्थ्य क्षेत्रमा फड्को मारेको छ

बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणी पौडेलले मकवानपुरले स्वास्थ्य क्षेत्रमा फड्को मारेको बताएका छन् । राष्ट्रिय स्वास्थ्यकर्मी महासंघ मकवानपुरको चौथो जिल्ला अधिवेशनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै उनले स्वास्थ्य सेवामा संलग्न समस्त स्वास्थ्यकर्मीहरूको पेशागत हक हित र अधिकारको संरक्षण एवम् सम्वर्धन गर्न संघले पहल गनुपर्ने बताए । 'स्वास्थ्यकर्मीको पेशा संवेदनशील पेशा हो । तपाईंहरूले चाहेको खण्डमा धेरै राम्रा कामहरू हुनसक्छ, तपाईंहरूको लापरवाहीले ठूलो दुर्घटना निम्त्याउन समेत सक्छ । त्यसैले आफ्नो पेशाप्रति इमान्दार र सचेत रही कार्य गर्नुहोस' उनले भने ।

राजनीतिक पूर्वाग्रह राखेर केही तत्वहरूले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको विरोध गरिरहेको समेत बताए । 'केही व्यक्तिहरूको निजी स्वार्थको कारण अहिले प्रतिष्ठानको विरोध भइरहेको छ' उनले भने 'विगत देखि हेटौंडा अस्पतालमा भइरहेको चलखेल अन्त्य हुने डरले केही तत्वहरू प्रतिष्ठानको बिरूद्धमा लागेका छन् । राष्ट्रिय स्वास्थ्यकर्मी महासंघ नेपालका केन्द्रीय सचिव नारायण पौडेलले चिकित्सा शिक्षा आयोगबाट सिफारिस भएदेखि स्वास्थ्यकर्मी उत्पादनसम्ममा व्यवस्थापनको पाटो चिरिदै गएको बताए । स्वास्थ्य सेवा सम्बन्धी २६ वटा ऐन र कानूनका समस्या पुनरावलोकन गरी संविधानले कल्पना गरेको समृद्ध स्वास्थ्य निर्माण गर्नुपर्ने अवस्था आएको उनले बताए । 'स्वास्थ्यकर्मी उत्पादन भएपछि जनताले गुणस्तरीय सेवा पाए कि, पाएनन् ? यसबारे चासो दिन आवश्यक छ । देशमा उत्पादित स्वास्थ्य जनशक्तिलाई देशमै बसेर स्वास्थ्य उर्जा खर्चिन उत्प्रेरणा जगाउनु पर्छ' उनले भने ।

कार्यक्रममा बागमती प्रदेश सभा सदस्य एकालाल श्रेष्ठले संगठनले स्वास्थ्यकर्मीहरूको हक हित र अधिकारका लागि एकजुट हुनु पर्ने बताए । मदनभण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालन ऐन तथा बागमती प्रदेश निजामति ऐन संशोधनका लागि बागमती प्रदेशसभामा छलफल प्रक्रिया अघि बढेको उनले जानकारी दिए ।

'स्वास्थ्य क्षेत्रलाई कानुनी, संवैधानिक, प्राविधिक तथा बजेटिकरणको दृष्टिकोणले परिपूर्ति गर्न हामी तत्पर छौं' उनले भने 'नेतृत्व असल भएमात्र व्यवस्था राम्रो हुने भएकोले नेतृत्व सक्षम र क्षमतावान हुन आवश्यक छ । 'संगठनको एउटा अंग स्वास्थ्यकर्मी संघ हो । यो अंगले स्वास्थ्य क्षेत्रको विकासमा पहरेदारको काम गरी संगठन बलियो बनाउन सघाँउ पुर्‍याउने आशा राखेको छु' उनले भने ।

कार्यक्रममा नेपाल नर्सिङ संघ मकवानपुर अध्यक्ष गंगा दाहाल, नेपाल प्राविधिक संघ वानका केन्द्रीय सचिव रेवती थापा, नेपाल चिकित्सक संघ बागमती प्रदेश अध्यक्ष हरि बहादुर खड्का, स्वास्थ्यकर्मी महासंघ नेपाल बागमतीका सचिव विनोद लामिछाने, नेकपा एमाले मकवानपुरका अध्यक्ष श्रीधर पोखरेल, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रदिप ज्ञवाली, राष्ट्रिय स्वास्थ्यकर्मी महासंघ बागमती अध्यक्ष अनुप अधिकारी लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

अधिवेशन नितर्वमान अध्यक्ष भोलानाथ चौलागाईंको अध्यक्षता तथा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यमा भएको हो ।

व्यक्तिगत घटना दर्ता गरौं

व्यक्तिगत घटना दर्ता के हो ? किन अनिवार्य दर्ता गराउनुपर्छ ?

व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो । यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो । यो व्यक्ति पहिचानको पहिलो आधार भएकाले नेपाल सरकारले अनिवार्य गरेको छ । यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ । राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याकको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।

सबै प्रकारका व्यक्तिगत घटना कहाँ र कहिले दर्ता गराउनु पर्दछ ?

व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि बिलम्ब शूल्क रु २००/- तिरी दर्ता गराउन सकिन्छ ।

घटना दर्ता गर्न कसलाई सूचक राख्ने ?

जन्म, मृत्यु र बसाई सराई घटना दर्ताको लागि सूचकको रूपमा परिवारको १८ वर्ष उमेर पुगेको सदस्य रहन सक्छन्। विवाह दर्ता गर्न पति र पत्नी दुवै आवश्यक पर्दछ। सम्बन्ध विच्छेद दर्ताको हकमा पति वा पत्नी मध्ये एक सूचक रहन सक्छन् ।

व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन २०३३ जारी हुनु भन्दा अघि घटेका घटना कसरी दर्ता गराउन सकिन्छ ?

जन्म, मृत्यू तथा अन्य पटना (दर्ता गर्ने) ऐन, २०३३ जारी भइ सम्बन्धित जिल्लामा लागू हुनु भन्दा अघिको घटना दर्ता गरी प्रमाण पत्र जारी गर्न मिल्दैन । यस्ता घटनाको हकमा व्यक्तिले सम्बन्धित वडा कार्यालयमा गई वडा अध्यक्षबाट घटना प्रमाणित गराउन सक्दछन् ।

व्यक्तिगत घटना दर्ता गर्न किन सूचकको नागरिकताको प्रमाणपत्र आवश्यक पर्दछ ?

सबै प्रकारका व्यक्तिगत घटना दर्ता गर्न, सूचक आधिकारिक र जिम्मेवार हुनुपर्ने भएकाले सथकको स्पष्ट परिचय, उमेर खुले प्रमाणका रूपमा नागरिकताको प्रमाणपत्र आवश्यक पर्ने हुन्छ ।

व्यक्तिगत घटना दर्ताको अभिलेख नभएमा कसरी नक्कल दिन सकिन्छ ?

व्यक्तिगत घटना दर्ताको अभिलेख वडा कार्यालयमा नभएको अवस्थामा सो घटना दर्ताको सूचना फाराम या प्रमाणपत्रको प्रतिलिपि अन्यत्र कुनै निकायमा रहेमा सो को आधारमा अभिलेख तयार गर्न सकिन्छ वा नियमावलीको नियम २१ को उपनियम ४ को प्रावधान बमोजिम प्रतिलिपि खडा गर्न सकिने व्यवस्था रहेको छ ।

व्यक्तिगत घटना दर्ताको प्रतिलिपि माग गरेमा कसरी प्रदान गर्ने ?

घटनासँग सम्बन्धित व्यक्तिले निवेदन दिई व्यक्तिगत घटनाको प्रतिलिपि माग गरेमा वडा कार्यालयमा रहेको अभिलेखको आधारमा रूजु गरी स्थानीय पञ्जिकाधिकारीले प्रतिलिपि जारी गर्न सक्छन् ।

व्यक्तिगत घटना दर्ता गर्न स्थानीय तहको वडा कार्यालयको दायित्व के रहन्छ ?

राष्ट्रिय परिचयपत्र तथा ऐनले सबै वडा कार्यालयहरुलाई स्थानीय पञ्जीकरण कार्यालय र वडा कार्यालयको प्रशासकीय प्रमुखलाई स्थानीय पञ्जीकाधिकारीका रूपमा काम काज गर्न तोकेको छ। त्यसैले सबै प्रकारका व्यक्तिगत घटना दर्ता गराउँदा व्यक्तिलाई सूचना फाराम भर्न लगाउने, आवश्यक कागजपत्र माग गरी रुजु गर्ने, नियमानुसार घटना दर्ता गर्ने, अभिलेख राख्ने, प्रमाणपत्र जारी गर्ने तथा प्रतिवेदन पेश गर्नुपर्ने दायित्व सम्बन्धित वडा कार्यालयको हुन्छ।

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा मकवानपुर

सीमान्तकृत समुदायको अधिकारको खातिर लडाइँ जारी

○ सहीखबर संवाददाता

मकवानपुर।बागमती प्रदेशका प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले अति सीमान्तकृत समुदायको अधिकार प्राप्तिका लागि लडाइँ चलिरहेको बताएका छन् ।

संविधानले प्रदत्र् गरेको अधिकार उपभोगबाट सीमान्तकृत, आदिवासी जनजाति समुदाय वञ्चित रहेको उनले बताए ।

राष्ट्रिय मानव अधिकार आयोगको आयोजनामा हेटौँडामा आयोजित चेपाङ समुदायको मानव अधिकार अवस्था सम्बन्धी परामर्श कार्यक्रममा प्रदेश प्रमुख देवकोटाले सीमान्तकृत समुदायमा अझै पनि आधारभूत अधिकार सहित शिक्षा, स्वास्थ्यको उपभोगमा कठिनाइ रहेको बताए । जसका कारण उनीहरूको मानव अधिकारका सवालहरू चुनौतीपूर्ण रूपमा देखिएको उनको भनाइ छ ।

चेपाङ समुदायको अधिकार का सवालमा राज्यका कतिपय कानुनहरू समायानुकुल नरहेको प्रदेश प्रमुख देवकोटाले बताए । कानुनी समस्याका कारण सीमान्तकृत समुदायहरूले प्राकृतिक स्रोतको उपभोगका सवालमा द्वन्द्वको स्थिति रहेको उनले बताए । सीमान्तकृत समुदायको संविधानले प्रदत्त गरेको अधिकार, शान्ति सुरक्षाको सवालमा सै र प्रदेश सरकार सरकारसँग निरन्तर पहल गर्ने उनले बताए ।

कार्यक्रममा संविधानसभा सदस्य एवम् चेपाङ सै नेपालमा अध्यक्ष गोविन्दराम चेपाङले खानी उद्योगका कारण सीमान्तकृत आदिवासी चेपाङ समुदायहरू विस्थापित हुने अवस्थामा पुगेको बताए । राज्यले चेपाङ समुदायको उचित व्यवस्थापन गरेर उद्योग तथा खानी सञ्चालन गर्नुपर्ने माग गरे । खानी क्षेत्रका कारण चेपाङ समुदायको परम्परागत आहारको उपलब्धता लोप हुँदै गएको उनको भनाई छ । चेपाङ समुदायको उत्थान र विकासका लागि सरकारले चेपाङ संरक्षित क्षेत्र घोषणा गरेर अघि बढ्नुपर्ने उनको भनाई छ । चेपाङका आवश्यकता अनुसारको योजना निर्माण गरेर कार्यान्वयनमा अघि बढ्नुपर्ने उनको सुझाव रहेको थियो । कार्यक्रममा बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले संविधानले प्रदत्र् गरेको अधिकार उपभोगका लागि आन्दोलन र क्रान्ति गर्नुपर्ने अवस्थाको अन्त्य हुनुपर्ने बताए । चेपाङ समुदायको शिक्षा, स्वास्थ्य, रोजगारी तथा भाषा, संस्कृति जगर्नेमा सरकारले लगानी गर्नुपर्नेमा उनले जोड दिए । कानुनी समस्या हल गरेर चेपाङ तथा सीमान्तकृत समुदायको माग, आवश्यकता र अधिकार प्रदान गर्नुपर्ने उनको भनाई छ ।

कार्यक्रममा सहभागी चेपाङ समुदायका अगुवाहरूले आफ्नो थातथलोको संरक्षण र उचित व्यवस्थापनमा राज्यले ध्यान दिन नसकेको बताए । चेपाङ सै मकवानपुरका अध्यक्ष महेश कुमार पजाले चेपाङहरूको बसोबास रहेको क्षेत्र कबुलियत वनको नाममा खोस्ने काम राज्यले गरेको बताए ।

उनले उक्त काम रोकेर भूमिको स्वामित्व दिने तथा संविधानले दिएका अधिकारहरू उपभोग सहज रूपले गर्ने वातावरण तयार पार्न आग्रह गरे । चेपाङहरूको वासस्थानमा वन तथा निकुञ्ज प्रशासनको हस्तक्षेप रोक्न र संरक्षण तथा विकासको मोडलमा अघि बढ्नुपर्ने उनले बताए । क्रसर र खानी उद्योगका कारण चेपाङका वासस्थान, आहार तथा जीवनशैली समेत प्रभावित भइरहेकाले उचित व्यवस्थापन गर्न जरुरी रहेको उनको भनाई थियो । चेपाङ विकास कार्यक्रम कार्यान्वयन गर्न र शिक्षा, स्वास्थ्य तथा रोजगारीको व्यवस्था गर्न उनले माग गरे ।

चेपाङ सै मकवानपुरका कोषाध्यक्ष भक्त बहादुर चेपाङले नागरिकता, जन्म दर्ता तथा विवाह दर्तामा हुने गरेको बाधा हल गर्न राज्यले काम गर्नुपर्ने बताए । चेपाङ समुदायको नागरिकतामा त्रुटि रहेको र संशोधनमा समेत समस्या हुने गरेकाले त्यसको समाधानमा उचित कानुनी प्रबन्ध गर्नुपर्ने उनको भनाई छ ।

कार्यक्रममा आयोगका मानव अधिकार अधिकृत किरण बरामले अति सीमान्तकृत चेपाङ समुदायको मानव अधिकार अवस्था अध्ययन प्रतिवेदन, २०८१ को मस्यौदा प्रस्तुत गरेका थिए । मुलुकमा चेपाङ समुदायको वर्तमान अवस्था सार्वजनिक गरी उनीहरूको सम्मान, संरक्षण र अधिकार प्रत्याभूतिमा योगदान पुऱ्याउने उद्देश्यसहित आयोगले प्रतिवेदन तयार पारिएको उनले बताए । मौजुदा कानुनी अभ्यासले चेपाङ समुदायमा पारेका सकारात्मक तथा नकारात्मक प्रभावको लेखाजोखा गर्दै कानुन परिमार्जनका लागि आयोगले तीनै तहका सरकारलाई सुझाव दिने अधिकृत बरामले उल्लेख गरे ।

उक्त प्रतिवेदनको मस्यौदामा चेपाङ समुदाय विभिन्न कारणले अझै पनि सबैभाझ नागरिकताको पहुँच नपुगेको उल्लेख छ । मकवानपुरको रक्सिराङ गाउँपालिकामा गरिएको नमुना सर्वेक्षण तथा मकवानपुर, चितवन, धादिङ र गोरखा जिल्लामा भएका सामूहिक छलफललाई आधार मान्दै आयोगले (प्रतिशत चेपाङ समुदाय नागरिकता प्रमाण पत्रको पहुँचबाट टाढा रहेको उल्लेख गरिएको छ ।

खानीजन्य उद्योगका कारण चेपाङ समुदायले परम्परागत रूपमा उपभोग गर्दै आएको प्राकृतिक स्रोतमाथिको अधिकार गुमाउँदै लगेको भन्दै चार जिल्लामा ४१० भन्दा बढी घरधुरी खानीजन्य उद्योगबाट प्रभावित भएको उल्लेख छ । बरामले चेपाङहरूको सोझोपनको फाइदा बिचौलियाहरूले उठाएको समेत उल्लेख गरेका छन् । न्यायमा पहुँच नपुग्दा चेपाङ तन्नेरी हरु बन्दी जीवन बिताइरहेको भन्दै मस्यौदामा विभिन्न कारागारमा रहेका ११२ मध्ये ४० वर्ष मुनिका ८६ प्रतिशत रहेको उल्लेख गरिएको छ ।

खुकुरी प्रहार गरी भाउजुको हत्या

○सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौँडामा देवरले भाउजूको हत्या गरेका छन्।

हेटौँडा-१ चौकीटोल निवासी २२ वर्षीय राहुल दासले बुधबार खुकुरी प्रहार गरेर जेठी भाउजूको हत्या गरेका जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

राहुलले भाउजू ३५ वर्षीया गुडिया दासलाई बुधबार दिउँसो खुकुरी प्रहार गरी हत्या गरेका हुन्। राहुलको आक्रमणबाट उनका माइलो दाजु रुपेश दाससमेत घाइते भएका छन्।

उनको हेटौँडास्थित मकवानपुर सहकारी अस्पतालमा उपचार भइरहेको छ। उनको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यलय मकवानपुरका प्रहरी निरीक्षक ठाकुर प्रसाद सापकोटाका अनुसार राहुलले माइलो दाइलाई खुकुरीले आक्रमण गरेको भन्ने खबर पाएर पुगेको प्रहरीले उनलाई पक्राउ गरेर दिउँसो जिल्ला प्रहरी कार्यलयमा ल्याएको थियो।

घरका सदस्यहरुले जेठी बुहारी गुडियालाई नदेखपछि खोजतलास गर्ने क्रममा घरको माथिल्लो तल्लामा बन्द कोठा भित्र मृत अवस्थामा फेलाका थिए।

प्रहरी निरीक्षक सापकोटाले राहुलले माइलो दाइ रुपेशलाई भन्दा पहिला भाउजूलाई खुकरी प्रहार गरेर कोठामा बन्द गरेको हुनसक्ने अनुमान गरे।

राहुललाई प्रहरीले पक्राउ गरेको छ। राहुलले किन भाउजू र माइलो दाइमाथी आक्रमण गरे भन्ने खुलेको छैन।

प्रहरी निरीक्षक सापकोटाका अनुसार गुडियाका ३ सन्तान छन्। उनका श्रीमान रोशन दास रोजगारीको सिलसिलामा कतारमा रहेका पारिवारिक स्रोतले जनाएको छ। घटनाको बारेमा अनुसन्धान भैरहेको प्रहरीले जनाएको छ।

स्वच्छ वातावरण स्वस्थ्य शरिर,
बिरुवा रोपौं, वातावरण स्वच्छ र हराभरा राखौ । पानीको मुहान/स्रोत संरक्षण गरौं ।

● सहीखबर साप्ताहिक

पानीको स्रोत संरक्षण गर्न

☞ डढेलोबाट वन जोगाऔं,
☞ सिमसार क्षेत्रको संरक्षण गरौं ।
☞ घर/भवन निर्माण गर्दा खुल्ला क्षेत्रको पयाप्त व्यस्थापन गरौ, पानीको स्रोत रिचार्ज हुने वातावरण सिर्जना गरौं ।
☞ अनावश्यक रुपमा पानी खेला नफालौं ।
☞ पानीको पाइपहरु फुटेर पानी खेर गइरहेको देखेका त्यसको उचित बन्दोबस्त गरौं/सम्बन्धित निकायमा खबर गरौं ।

पानीको स्रोत संरक्षणको लागि हातेमालो गर्न स्थानीय तह, सरकारी तथा गैह्रसरकारी निकाय, जलाधार संरक्षण समूह, संघसंस्था सबैप्रति हेटौंडा खानेपानी व्यस्थापन बोर्ड हार्दिक अनुरोध गर्दछ ।

अध्यक्ष प्रताप विष्ट

हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड

पानीका स्रोतको संरक्षण गरौं

☞ वनसम्पदाको संरक्षण गरौं,
☞ खुला ठाउँमा वृक्षरोपण गरौं,
☞ इनार, कुवा, पोखरी, पानी पँधेरोजस्ता पानीका स्रोतको संरक्षण गरौं,
☞ भूमिगत पानीको दोहन नगरौं,
☞ पानीका स्रोतको संरक्षणवारे जनचेतना अभिवृद्धि गरौं,
☞ खोलानाला, पोखरी, ताल वरिपरि सफा र हराभरा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड